आकाशवाणी हो।

January 27th, 2026 Tuesday

प्रमुख समाचारहरुबाट

- भारत र युरोपले मुक्त व्यापार सम्झौतामार्फत ठूलो कदम
- अगाडि बढाएको प्रधानमन्त्री नरेन्द्र मोदीको मन्तव्य
- रक्षा मन्त्री राजनाथ सिंहले "अपरेशन सिन्दूर" ले देशका
- स्वदेशी प्रणालीहरूले भारतको सञ्चालन तयारीलाई बलियो
- बनाइरहेको बताउनु भयो
- सरकारले आज संसदको बजेट अधिवेशन अघि संसद भवन
- एनेक्समा सर्वदलीय बैठक आह्वान
- राष्ट्रपति द्रौपदी मुर्मुले गणतन्त्र दिवस परेडमा सहभागी
- प्रतिनिधिमण्डलसँग गर्नुभयो भेट
- अन्डर–१९ क्रिकेट विश्वकपमा भारतले ५० ओभरमा ८ विकेट
- गुमाएर ३५२ रनको ठूलो लक्ष्य बनाएको छ।

प्रधानमन्त्री मोदी – मुक्त व्यापार समझौता

प्रधानमन्त्री नरेन्द्र मोदीले बताउनु भयो, भारत र युरोपले आज भारत–युरोपेली संघ मुक्त व्यापार सम्झौतामार्फत ठूलो कदम अगाडि बढाएको छ, जसले विकास, लगानी र रणनीतिक सहकार्यका नयाँ मार्ग खोल्नेछ। सामाजिक सञ्चालमा गरिएको पोस्टमा प्रधानमन्त्री मोदीले विश्वको दोस्रो ठूला र चौथो ठूला अर्थतन्त्रबीच भएको यस ऐतिहासिक सम्झौताले अभूतपूर्व अवसरहरू सिर्जना गर्ने र विकास तथा सहकार्यका नयाँ ढोका खोल्ने प्रतिवद्धता जनाएको बताएका छन्। उहाँले यस सम्झौताबाट सम्पूर्ण विश्व समुदायलाई लाभ पुग्ने पनि बताउनुभयो। प्रधानमन्त्री मोदीले सम्झौताको माध्यमबाट प्रमुख क्षेत्रहरूमा गुणस्तरीय रोजगारी सिर्जना हुने, युवा, पेशागत प्रतिभा, विद्यार्थी र अनुसन्धानकर्ताहरूको आवाजाहीमा सुविधा मिल्ने र डिजिटल युगको सम्भावना अनलक हुने बताउनु भएको छ ।

श्री मोदीले भारत र युरोपेली संघ विश्वास र महत्वाकांक्षाका साथ समृद्ध र दिगो भविष्यतर्फ अघि बढिरहेको बताउनु भएको छ । प्रधानमन्त्री अनुसार यो समझौता स्थिर, समृद्ध र भविष्य-तयारी भएको आर्थिक सम्बन्ध निर्माण गर्ने साझा संकल्पको प्रतिबिम्ब हो। आजको दिन इतिहासमा स्थायी रूपमा सम्झिनलायक रहने, भारत–युरोपेली संघ सम्बन्धमा महत्वपूर्ण माइलस्टोन भएको र यसले

युवा रोजगार सिर्जना गर्ने, व्यवसायका अवसर खोल्ने, साझा समृद्धि प्रवर्द्धन गर्ने र विश्वव्यापी आपूर्ति शृंखला मजबुत बनाउने दिन भएको उहाँले जोड दिनुभयो।

*पीयूष गोयल – एफटीए / स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डा  भारत–युरोपेली संघ मुक्त व्यापार समझौता*

*केन्द्रीय मन्त्री पीयूष गोयलले आज भारत र युरोपेली संघबीच भएको मुक्त व्यापार सम्झौतालाई अहिलेसम्मकै सबैभन्दा ठूलो सम्झौता –"मदर अफ अल डिल्स" भनेर वर्णन गर्नुभयो। उहाँले थप भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा यो भारतको आठौँ मुक्त व्यापार सम्झौता ह ो ।नयाँ दिल्लीमा बोल्नु हुँदै उहाँले भारत र युरोपेली संघबीच व्यापार सम्बन्धमा यो ठूलो उपलब्धि बीस वर्षपछि हासिल भएको उल्लेख गर्नुभयो। यसरी नै स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले भारत–युरोपेली संघ मुक्त व्यापार सम्झौताले फार्मा र स्वास्थ्य उपकरण क्षेत्रमा नयाँ अवसरहरू सिर्जना गर्ने विचार व्यक्त गर्नुभयो । उहाँले भन्नुभयो कि यस सम्झौताले युरोपेली संघको ५७२ अरब अमेरिकी डलरको फार्मा र मेडटेक बजारमा पहुँच सुनिश्चित गर्नेछ।श्री नड्डाले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारत स्वास्थ्य र विनिर्माण क्षेत्रमा विश्वसनीय वैश्विक साझेदारको रूपमा स्थापित हुँदै गएको पनि जोड दिनुभयो।*

*राजनाथ सिंह – डीआरडीओ*

रक्षा मन्त्री राजनाथ सिंहले आज  "अपरेशन सिन्दूर" ले देशका स्वदेशी प्रणालीहरूले भारतको सञ्चालन तयारीलाई बलियो बनाइरहेक ो बताउनु भयो । नयाँ दिल्लीमा डीआरडीओका वैज्ञानिकहरूको सम्मान समारोहलाई सम्बोधन गर्दै मन्त्री सिंहले अपरेशन सिन्दूरको क्रममा डीआरडीओको प्रविधि प्रभावकारी रूपमा रणभूमिमा प्रयोग भएको उल्लेख गर्नुभयो।उहाँले अनुसन्धान तथा विकासले उन्नत प्रविधि निर्माणमार्फत राष्ट्रको सुरक्षा संरचनालाई सुदृढ बनाउन महत्वपूर्ण भूमिका खेलेको बताउनु भयो । मन्त्री सिंहले आत्मनिर्भरता राष्ट्रिय मानसिकतामा परिणत भएको छ र डीआरडीओले रक्षा क्षेत्रको तीव्र रूपान्तरणलाई प्रतिबिम्बित गरिरहेको थप बताउनु भयो ।

*भारत–संयुक्त राष्ट्र: पाकिस्तानको झुठा दाबीको खण्डन*

भारतले संयुक्त राष्ट्रमा पाकिस्तानलाई करारा जवाफ दिँदै अपरेशन सिन्डूरबारेको त्यसको झुठा दाबी आज अस्वीकार गरेको छ। भारतले स्पष्ट पारेको छ कि आफ्ना आन्तरिक मामिला, विशेषगरी जम्मू–कश्मीरका मामिलामा पाकिस्तानले टिप्पणी गर्ने कुनै अधिकार छैन।
संयुक्त राष्ट्र सुरक्षा परिषदमा भारतले कडा शब्दमा भनेको छ कि पाकिस्तानले आतंकवादलाई सरकारी नीतिको साधनको रूपमा निरन्तर प्रयोग गर्नु अस्वीकार्य छ।भारतका स्थायी प्रतिनिधि पी. हरीशले सुरक्षा परिषदको खुला बहसमा, जहाँ "अन्तर्राष्ट्रिय कानुनको शासन: शान्ति, न्याय र

बहुपक्षवादको पुनर्जीवन" विषयमा छलफल भइरहेको थियो, पाकिस्तानका राजदूत आसिम इफ्तिखार अहमदको टिप्पणीको जवाफ दिएका थिए। उनले भने कि भारत आफ्ना नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न हरेक सम्भव प्रयास गर्नेछ।

*सर्वदलीय बैठक*

सरकारले आज संसदको बजेट अधिवेशन अघि संसद भवन एनेक्समा सर्वदलीय बैठक आह्वान गरेको छ। बैठकको अध्यक्षता केन्द्रीय रक्षा मन्त्री राजनाथ सिंहले गर्नुभयो। बैठकमा राज्यसभाका सदन नेता जे.पी. नड्डा, केन्द्रीय संसदीय मामिला मन्त्री किरेन रिजिजु तथा संसदीय मामिला राज्यमन्त्रीहरू अर्जुन राम मेघवाल र डा. एल. मुरुगनको उपस्थिति रहेको थियो । संसदको बजेट अधिवेशन भोलिदेखि सुरु भई एक पटकको अवकाशसहित आगामी अप्रिल २ तारिखसम्म चल्नेछ। बैठकपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै केन्द्रीय संसदीय मामिला मन्त्री किरेन रिजिजुले बजेट अधिवेशनको पहिलो चरणमा राष्ट्रपतिको अभिभाषणमाथि धन्यवाद प्रस्ताव प्रस्तुत गरिने र त्यसपछि दुवै सदनमा बजेटमाथि छलफल हुने जानकारी दिनुभयो। श्री रिजिजुले सबै दलहरूलाई अधिवेशनलाई सुचारु रूपमा सञ्चालन गर्न सहयोग गर्न आग्रह गर्नुभयो।

*राष्ट्रपति – गणतन्त्र दिवसका पाहुनाहरू*

राष्ट्रपति द्रौपदी मुर्मुले आज राष्ट्रपति भवनमा गणतन्त्र दिवस परेडमा सहभागी प्रतिनिधिमण्डलसँग भेट गर्नुभयो। उक्त प्रतिनिधिमण्डलमा आदिवासी समुदायका पाहुनाहरू, झाँकी प्रस्तुत गर्ने कलाकारहरू तथा ट्र्याक्टर चालकहरू, राष्ट्रिय सेवा योजना एनएसएसका स्वयंसेवकहरू र राष्ट्रिय क्याडेट कोरका क्याडेटहरू समावेश थिए।

*बजेट–हलवा समारोह*

केन्द्रीय बजेट २०२६–२७ को तयारीको अन्तिम चरण आज नयाँ दिल्लीमा हलवा समारोहसँगै सुरु भयो। समारोहमा वित्त मन्त्री निर्मला सीतारामनसँगै मन्त्रालयका सबै विभागका सचिवहरू र बजेट तयारीमा संलग्न अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए।वित्त मन्त्रीले बजेट प्रेसको अवलोकन गरी तयारीको समीक्षा गर्नुभयो र सम्पूर्ण बजेट टोलीलाई शुभकामना दिनुभयो। बजेट १ फेब्रुअरीमा प्रस्तुत गरिनेछ।

*हरियाणा – भीषण असिना वर्षा*

आज हरियाणाका भिवानी, हिसार, फतेहाबाद, सिरसा, सोनीपत र जिन्द लगायतका धेरै जिल्लामा हल्कादेखि मध्यम वर्षासँगै असिना परेको छ । असिना वर्षाका कारण तोरी, गहुँ तथा अन्य रबी बालीमा क्षति पुगेको छ। मौसममा आएको यस आकस्मिक परिवर्तनले तापक्रममा उल्लेखनीय

गिरावट आएको छ। मौसम विभागले भोलि पनि केही स्थानमा हल्कादेखि मध्यम वर्षा हुने पूर्वानुमान गरेको छ।

अन्डर–१९ विश्व कप क्रिकेट

अन्डर–१९ क्रिकेट विश्वकपमा भारत र आयोजक जिम्बाब्वेबीच बुलावायोमा सुपर–सिक्स चरणको खेल हाल जारी छ। ताजा समाचार प्राप्त हुँदासम्म भारतले ५० ओभरमा ८ विकेट गुमाएर ३५२ रनको ठूलो लक्ष्य बनाएको छ। यसअघि जिम्बाब्वेले टस जितेर पहिले बलिङ गर्ने निर्णय गरेको थियो।भारत यस प्रतियोगितामा हालसम्म अपराजित रहँदै आएको छ।

*महिला प्रिमियर लिग*

*वडोदरामा भएको महिला प्रिमियर क्रिकेट लिगमा हिजो रातमा मुम्बई इन्डियन्सले रोयल च्यालेन्जर्स बेंगलुरुलाई १५ रनले पराजित गर्‍यो। २०० रनको लक्ष्य पछ्याउँदै रोयल च्यालेन्जर्स बेंगलुरुले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर मात्र १८४ रन बनाउन सक्यो। मुम्बई इन्डियन्सले निर्धारित २० ओभरमा ४ विकेट गुमाएर १९९ रन बनाएको थियो। मुम्बईका नेट साइवर–ब्रन्टले नटआउट १०० रनको शानदार पारी खेलेकी थिइन्। रोयल च्यालेन्जर्स बेंगलुरुक लागि लारेन बेलले २ विकेट लिइन् भने नाडिन डी क्लर्क र श्रेयांका पाटिलले १–१ विकेट लिए।*

*अन्त्यमा यस बुलेटिनका प्रमुख समाचार पुनः एक पटकः*

- १.भारत र युरोपले मुक्त व्यापार सम्झौतामार्फत ठूलो कदम
- अगाडि बढाएको प्रधानमन्त्री नरेन्द्र मोदीको मन्तव्य
- २. रक्षा मन्त्री राजनाथ सिंहले “अपरेशन सिन्दूर” ले देशका
- स्वदेशी प्रणालीहरूले भारतको सञ्चालन तयारीलाई बलियो
- बनाइरहेको बताउनु भयो
- ३. सरकारले आज संसदको बजेट अधिवेशन अघि संसद भवन
- एनेक्समा सर्वदलीय बैठक आह्वान
- ४राष्ट्रपति द्रौपदी मुर्मुले गणतन्त्र दिवस परेडमा सहभागी
- प्रतिनिधिमण्डलसँग गर्नुभयो भेट
- ५. अन्डर–१९ क्रिकेट विश्वकपमा भारतले ५० ओभरमा ८ विकेट
- गुमाएर ३५२ रनको ठूलो लक्ष्य बनाएको छ।